कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)
गाईघाट(बोक्से), नेपाल

पत्र संख्या:- २०८२।२०८३
च.नं.-

डिभिजनल वन अधिकृत

## गोलिया काठ/दाउरा लिलाम विक्री सम्वन्धी विस्तृत सूचना
## गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२।११।१७

यस कार्यालय अन्तर्गतको वेलकातरी(तपेश्वरी) राष्ट्रिय वनक्षेत्रमा आ.व. २०८१।०८२ मा ढलापडा रुखहरु कटान, मुछान गरी उत्पादन भई हाल तपेश्वरी सव.डि.व.का. अन्तर्गत खुरहुरिया चौरीमा घाटगद्दीमा रहेका लट नं. ११ देखि १५ सम्मका साल जातका गोलिया थान ३४० को २८२८.७१ क्यू.फि. र लट नं. १० का साल जातका १० चट्टा दाउरा जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा शिलवन्दी वोलपत्रद्वारा लिलाम विक्री गर्न सुचना प्रकाशित गर्ने भनी यस कार्यालयबाट मिति २०८२।११।१४ मा निर्णय भई मिति २०८२।११।१७ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक सुचना प्रकाशन भएकोले भएकोले वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सम्वन्धित डि.व.का. मा सुचिकृत भएका र रीतपूर्वकको स्थायी लेखा नम्वर(PAN) वा आयकर दर्ताको प्रमाणपत्र प्राप्त काठ व्यवसायी, फर्म कम्पनी वा संघ संस्थाले यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र डिभिजन वन कार्यालय उदयपुर (उदयपुर), प्रदेश वन निर्देशनालय धरान, सुनसरी र वन तथा भू-संरक्षण विभाग, ववरमहल, काठमाडौंवाट प्रत्येक लटको छुट्टाछुट्टै वोलपत्र खरिद गरी १६ औं दिन १२ वजेभित्र खरिद गरिएको निकायमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्वन्धी थप जानकारीको लागि डिभिजन वन कार्यालय उदयपुर (उदयपुर) मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ । रित नपुगी र म्याद भित्र नआएका वोलपत्रहरुमाथि कारवाही नहुने र रितपुर्वक पर्न आएका बोलपत्रहरु यस कार्यालयको सुचना पाटीमा सुचना प्रकाशित भएको मिति र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि तथा अन्य प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

### १. वन पैदावार सम्वन्धी विवरण

| लट/आ.व. | लिलाम हुने वन पैदावारको विवरण | | | | | प्रथम पटक सुचना प्रकाशित गर्दा कायम गरिएको काठको न्यूनतम मुल्य रु | हाल दोस्रो पटक सुचना प्रकाशित ग्दा कायम गरिएको काठको न्यूनतम मूल्य रु. | संकलन खर्च/ प्रति क्यू.फि रु. | घाङ नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | जात | प्रकार | ग्रेड | थान | परिमाण (क्यू.फि.) | | | | |
| ११/०८२/०८३ | साल | गोलिया | A | ६ | ८५।४३ | ४३४८४७ | ४९८००० | १४८ | १०, ११ |
| | | | B | २७ | २७१।०९ | | | | |
| | | | C | २३ | १२७।४३ | | | | |
| | | | D | ५ | २५।४० | | | | |
| लट नं ११ को जम्मा | | | | ६१ | ५०९।३५ | | | | |
| १२/०८२/०८३ | साल | गोलिया | A | १५ | १९२।३१ | ४५७८१६ | ५२६००० | १४८ | १५ |
| | | | B | २१ | १७०।६३ | | | | |
| | | | C | १४ | ८८।२८ | | | | |
| | | | D | ७ | ३६।३१ | | | | |
| लट नं १२ को जम्मा | | | | ५७ | ४८७।५३ | | | | |
| १३/०८२/०८३ | साल | गोलिया | A | ८ | ९८।९२ | ४८३७८५ | ५५७००० | १४८ | १२, १६ |
| | | | B | ३६ | ३४३।३७ | | | | |
| | | | C | १२ | ६५।१४ | | | | |
| | | | D | ६ | ४०।०६ | | | | |
| लट नं १३ को जम्मा | | | | ६२ | ५४७।४९ | | | | |

कोशी प्रदेश सरकार

## पर्यटन, वन तथा वातावरण मन्त्रालय

## प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)

गाईघाट(बोक्से), नेपाल

पत्र संख्या.- २०८२।२०८३

च.नं.-

| लट/आ.व. | लिलाम हुने वन पैदावारको विवरण | | | | | प्रथम पटक सुचना प्रकाशित गर्दा कायम गरिएको काठको न्यूनतम मुल्य रु | हाल दोस्रो पटक सुचना प्रकाशित गर्दा कायम गरिएको काठको न्यूनतम मूल्य रु. | संकलन खर्च/ प्रति क्यू.फि रु. | घाङ नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | जात | प्रकार | ग्रेड | थान | परिमाण (क्यू.फि.) | | | | |
| १४/०८२/०८३ | साल | गोलिया | A | १० | १४९।८३ | ४७७०३७ | ५४७००० | १४८ | ३, १९ |
| | | | B | १९ | १७३।८८ | | | | |
| | | | C | ४१ | १९१।२३ | | | | |
| | | | D | १८ | ६१।७३ | | | | |
| लट नं १४ को जम्मा | | | | ८८ | ५७६।६७ | | | | |
| १५/०८२/०८३ | | | A | २० | ३०९।४७ | ६८८७१३ | ७९१००० | १४८ | ५ र ९ |
| | | | B | २३ | २२७।०७ | | | | |
| | | | C | २६ | १५३।९१ | | | | |
| | | | D | ३ | १७।२२ | | | | |
| लट नं १५ को जम्मा | | | | ७२ | ७०७।६७ | | | | |
| १०/०८२/०८३ | साल | दाउरा | १० चट्टा | | | १२०००० | १५१००० | प्रति चट्टा रु १६००० | १-१० |

२. बोलपत्र खरिद तथा दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः

क) खरिद गर्ने अन्तिम मितिः २०८२।१२।०१ गते कार्यालय समयसम्म

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८२।१२।०२ गते दिनको १२.०० बजेसम्म

(अन्तिम दिन सार्वजनिक विदा भएमा सो को भोलिपल्ट )

३. बोलपत्र डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर), प्रदेश वन निर्देशनालय, धरान र वन तथा भू-संरक्षण विभाग, ववरमहल काठमाण्डौबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.वा. बैंक, गाईघाटमा रहेको धरौटी खाता नं. २०९०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिनासम्मको लागि हुनुपर्नेछ ।

६. बोलपत्र फारम हरेक लटको रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको लेखा शाखा वा वन निर्देशनालय, धरान, वन तथा भू-संरक्षण विभाग, ववरमहल, काठमाण्डौबाट खरीद गर्न सकिनेछ ।

७. लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयभित्र घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

८. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराईटरले बोलपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नं.(PAN) दर्ताको प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्र र वन (दोस्रो संशोधन)नियमावली, २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डि.व.का.मा सूचिकृत/अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी निवेदन साथ पेश गर्नुपर्नेछ र बोलपत्र दाखिला गर्दा समेत उक्त कागजातहरु पेश गर्नु पर्नेछ ।

९. निर्धारित गरिएका न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु सार्वजनिक सूचना गरी डिभिजन कार्यालय, उदयपुर(उदयपुर)मा साक्षीहरुको रोहबरमा खोलिनेछ ।

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश, वन निर्देशनालय

# डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)

गाईघाट(बोक्से), नेपाल

पत्र संख्या:- २०८२।२०८३

च.नं.-

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धिकर तथा कटान, मुछान खर्च समेत अलगै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र सकारकर्ताले उठाई लैजानु पर्नेछ ।

११. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२. बोलपत्र सदर वा वदर गर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा रहनेछ ।

१३.उपरोक्त बमोजिमको सुचनामा कुनै कुरा हेरफेर वा संशोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ । सो को जानकारी यस कार्यालयको Facebook page" डिभिजन वन कार्यालय उदयपुर" बाट गराईनेछ ।

१४. अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ बमोजिम हुनेछ ।

१५. यस सम्बन्धमा थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं. ०३५-४२२१३४, सुचना अधिकारीको मोवाइल नम्वर ९७६८८०१९३१/९८४५१०६२५९ र वन व्यवस्थापन शाखाको मोवाइल नं. ९८५२८३७२२२ मा सम्पर्क गर्न सकिनेछ ।

१६. वन (दोस्रो संशोधन) नियमावली, २०७९ को नियम १२८(८) तथा कोशी प्रदेश वन नियमावली, २०८० को नियम १४८ बमोजिम सुचीकृत नभएका वा सूची अद्यावधिक नभएका उद्योगहरुले लिलाम प्रकृयामा भाग लिन पाउने छैनन ।

१७. अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।